नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक २०४ २०७६ साल चैत ३ गते सोमबार (16 Mar. 2020 Monday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कोरोना भाइरसको त्रासबाट. ३ पृष्ठमा : सरकारको प्रष्टोक्ति : कोरोनाको कुनै ... ३ पृष्ठमा : इटालीमा कोराना भाइरसक्रा ...

# १५ दिन भित्र मुआब्जाका लागि पहल नगरिए निर्माण कार्य ठप्प पार्ने कोशीपीडितको चेतावनी

**दैनिक समाचारदाता**
**राजविराज, २ चैत ।**

कोशी पीडितहरुले १५ दिन भित्र आफुहरुको माग पुरा गराउन पहल नगरिए पुन: आन्दोलन सुरु गर्ने चेतावनी दिएका छन् ।

६ महिना अघि अनिश्चितकालिन रिले अनसन बसेर चाडपर्वको कारण देखाई आन्दोलन स्थगित गरेका कोशीपीडितहरुले सप्तरीका प्रमुख जिल्ला अधिकारी सुनिल खनाल मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउदै सो चेतावनी दिएका हुन् ।



कोशी पीडितहरुद्वारा गठित कोशी नदी कटान डुवान पीडित संघर्ष समिती सुनसरी, उदयपुर र सप्तरीका संयोजक महिदेव प्रसाद चौधरी

बुझाइएको ज्ञापन पत्रमा १५ दिन भित्र कोशी पीडितले उठाएका

*बाँकी अन्तिम पृष्ठमा*

# विषाक्त मदिरा सेवनबाट धनुषामा १७ को मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, २ चैत ।**

धनुषामा घरेलु विषाक्त मदिरा सेवनबाट मृत्यु हुनेको संख्या १७ पुगेको छ ।

जिल्लाको क्षिरेश्वरनाथ नगरपालिका २ रमदैयामा शुक्रबारसम्म १२ जनाको मृत्यु भइसकेको थियो । मृत्यु हुनेमा रामविलास मण्डल, शत्रुघन मण्डल, इन्द्रजीत महरा, ब्रह्मदेव यादव, गुदर महरा, रामनारायण महरा र निरस यादव छन् ।

धनुषाकै रूपैठा घर भई रमदैयास्थित ससुरालीमा बस्दै आएका राजु महराको पनि मृत्यु भएको छ. शत्रुघन मण्डलको शुक्रबार साँझ जनकपुरको सिटी अस्पतालमा उपचारका क्रममा मृत्यु भयो ।

दुई साताअघि रमदैयासँगै जोडिएको मुसहर बस्तीमा मदिरा सेवनबाटै भुनटुन सदा, दसै सदा र विजय महराको मृत्यु भएको थियो। सबैको शुरुमा टाउको र पेट दुख्ने, बान्ता आउने, आँखा डम्म हुने र अन्ततः शरीर चिसो भएर मृत्यु हुने गरेको स्थानीयवासीले बताएका छन् ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### अस्पतालले गम्भिर रोगबारे हेलचक्राई गर्नुहुँदैन्

विश्वव्यापी रुपमा फैलिरहेको नोबेल कोरोना भाइरसको त्रासबाट अहिले विश्वका १ सय २५ भन्दा बढी मुलुक प्रभावित भएका छन् । सो भाइरसको संक्रमणबाट ५ हजार बढी व्यक्तिको मृत्यु भइसेको छ भने लाखौं व्यक्तिबाट भाइरसको संक्रमित भएका छन् । कोरोनाको संक्रमणबाट बच्न अहिले विश्वव्यापी रुपमा सतर्कता अपनाउने कार्यलाई प्राथमिकता दिइएको छ । कोरोनाको त्रासका कारण विश्वको अर्थतन्त्र नै धरापमा परेको छ । यसको संक्रमणबाट बच्न मास्कको प्रयोग तथा हात दर्जनौं पटक धुनु पर्दछ । यो रोग श्वासप्रश्वासको माधयमबाट सर्ने हो । अहिले विश्वभरी नै मानिसहरुले एक अर्कालाई अभिवादन गर्न हात मिलाउनुका साटो टाढैबाट नमस्ते गर्ने बानी बसालिरहेका छन् ।

यता नेपालमा भने कोरोनाको एउटा पनि बिरामी फेला नपरेको स्वास्थ्य मन्त्रालयले प्रस्टोक्ति गरेको छ । तर पनि यस रोगबाट बच्न र बचाउन विभिन्न उपायहरु बारे प्रचार प्रसारका माध्यमले जनतालाई जागरुक गराउने कार्यमा लागिपरेको छ । यो रोगका प्रमुख लक्षण श्वासप्रश्वासमा बाधा पुग्ने र रुघाखोकी हुने हुने हो । यसको लक्षण दुई सातापछि मात्र देखा पर्दछ । यस्ता लक्षण देखा परेका व्यक्तिले तुरुन्त नजिकैको स्वास्थ्य चौकीमा चेकजाँच गराउनु पर्दछ । यदी भाइरसको संक्रमण देखापरेमा ती व्यक्तिलाई नेपाल सरकारले व्यवस्था गरेको क्वारेन्टाइन कक्षमा राखिने प्रावधान मिलाइएको छ ।

यद्पी सप्तरीमा भने कोरोना भाइरसको संक्रमित बिरामीका लागि खासै तयारी गरिएको देखिदैन । राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा नाम मात्रको एउटा कक्ष निर्माण गरिएको छ । त्यसका लागि कुनै तालिम प्राप्त चिकित्सक रहेका छैनन् । जुन अस्पताल प्रशासनले आफै स्वीकार गरिसकेको छ । यता यस्ता विश्वव्यापी रोगबारे अस्पताल प्रशासनले गरेको तयारी भगवान भरोसामै रहेको छ । तसर्थ यस्ता गम्भिर रोगका बिरामीका लागि अस्पतालले आफूलाई तयारी अवस्थामा राख्नु पर्ने आवश्यकता रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# कोरोना भाइरसको त्रासबाट उत्पन्न भइरहेको विकृती




**अमरनाथ मण्डल**

विश्वको सयौ देशभन्दा बढी देशहरुमा कोरोना भाइरसको संक्रमण देखापरिरहेको अवस्थामा विश्वमा त्रासको मनोदशाबाट गुजर्न बाध्य भएका छन् । चिनबाट शुरु भएका कोरोना भाइरस विश्वको प्रतिशतको हराहारीमा सबै देशमा देखापरेको अवस्थामा हजारौंको संख्यामा यस भाइरसबाट मृत्यु भइसकेकोले नेपालको छिमेकी राष्ट्र चिनबाट शुरु भएको भाइरस अहिले हाम्रो छिमेकी राष्ट्र भारतमा पनि व्यापक रुपमा संक्रमण बढीरहेको सन्दर्भ लिएर नेपालमा पनि यस भाइरसको संक्रमणको त्रासले अनेकौं किसिमको अवैधानिक क्रियाकलापहरु भइरहेको छ ।

कोरोना भाइरसको त्रासले नेपालमा पनि समाजिक सञ्जालहरुबाट भाइरस नेपालमा भित्रिसकेको अफवाहहरु कारणले गर्दा तथा हाम्रा छिमेकी राष्ट्र भारतको नाकाहरुमा चेक जाँचहरु बढी रहेको अवस्थामा अनेकौं किसिमको अडकलबाजीहरु शुरु भएका छन् । चाँडै नेपाल-भारतको सबै नाकाहरु बन्द हुने हल्लाहरुको कारणले गर्दा अहिले बाजारमा वस्तु भाउहरुको मूल्य बढ्न थालेका छन् । यसै सन्दर्भमा जीवनयापनको एउटा माध्यम खाना पकाउने ग्याँस सिलिण्डर रहेको अवस्थामा अहिले ग्याँसको आपूर्तिमा असहज वातावरण सिर्जना भइरहेको छ भने अवैध बाटोबाट चर्को मूल्यमा तुरुन्त ग्याँसको पूर्ति हुने गरेको पनि देखिन्छ । त्यस्तै औषधीदेखि लिएर अन्य वस्तु भाउहरुमा मूल्यहरु थप मूल्यहरुको वृद्धि भइरहेको छ भने औषधीहरुमा पनि पूर्तिको लागि असहज वातावरण भइरहेको देखिन्छ ।

अहिले बिलेकमा अन्य उपभोग्य वस्तुहरुको किनबेचको अवस्था बढि रहेको देखिन्छ भने ग्याँस जस्तो महत्वपूर्ण उपभोग्य वस्तुहरु मानिसहरुले एक परिवारमा, एक घरमा एक भन्दा बढि सिलिण्डरहरु संकलन गरी राख्न थालेका छन् । त्यस्तै मुखमा लगाउने मास्कको पूर्तिमा अहिले वाजारमा पूर्ण रुपमा अभाव देखिएको छ । पसलहरुमा चर्को मूल्यमा मास्कको विकृवितरण भइरहेको देखिन्छ । नेपाल बाजारमा सहज रुपमा वस्तुहरुको उपलब्ध हुने अवस्थामा त्रासको मनोदशाले अवैध रुपमा विकृवितरण गर्ने प्रवृतिहरुमा फड्को मारिरहेको देखिन्छ ।



हल्लाले देखेएका विकृतिहरुमा अहिले परिवारहरुमा त्रासको वातावरण उत्पन्न भई रोजगारी तिर जानबाट समेत पारिवारिक दवावको कारणले असर पुर्याइरहेका छन् । त्यस्तै विदेशमा रहेका आफन्तहरुको चिन्ताले मांसिक सन्तुलनमा अविभावकहरुलाई असर पुऱ्याइरहेका छन् । आफ्ना छोरा छोरीहरुलाई भाइरसको डर, त्रासले विद्यालय नपठाउने, त्रासको उत्पन्न भई पढाईमा प्रत्यक्ष रुपमा असर पुऱ्याइरहेको देखिन्छ । त्यस्तै निजि कामहरुकोलागि बाहिर जानुपर्ने अवस्था आवश्यकता रहेतापनि त्रासले बाहिर जान नपाइ मनोवैज्ञानिक असरबाट त्रास उत्पन्न भइरहेका छन् ।

नेपालमा अधिकारिकता रुपमा नेपाल सरकारले कोरोना भाइरस नेपालमा भित्रिएको पुष्टि अहिलेसम्म नगरेको अवस्थामा यस भाइरसबाट नेपालमा एक जनामा पनि कोरोना संक्रमण नदेखिएको अवस्थामा सामाजिक सञ्जालहरुबाट भ्रमको स्थिति सिर्जना गरी त्रासको वातावरण उत्पन्न गरी अवैधानिक रुपमा वस्तु भाउहरुमा मूल्य बढाउनु जस्ता गैरकानूनी कार्यहरुलाई समय अनुरुप सम्बन्धित निकायले सक्रियताको साथ अनुगमण निरिक्षण गरी कानूनी कारवाहीको दायरामा पुऱ्याउनुपर्ने अवस्था देखिन्छ । कोरोना भाइरसको संक्रमणको त्रासमा होइन यस्ता भाइरसबाट बच्नको लागि तथा यस्ता भाइरसहरु नेपाल भित्र नआउन दिनकालागि सबै सचेत नागरिक लगायत संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार समेतको सक्रियताको आवश्यकता देखिन्छ । हामी यस्ता भाइरसको संक्रमण नबढ्न दिन नियमित रुपमा साबुन पानीले हात धुने, खोक्दा र हाछ्यू गर्दा नाक र मुख छोप्ने, ठुलो लक्षण देखिएमा तुरुन्त चिकित्सकसँग परामर्श लिने, यस्ता लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने, जङ्गली तथा घरपालुवा पशुपंछीहरुबाट असुरक्षित सम्पर्कबाट टाढा रहने, पशुजन्य मासु तथा अण्डा राम्रोसँग पकाएर मात्र खाने तथा मास्क लगाउँदा नियमित मास्कलाई सफा राख्ने जस्ता सावधानीहरु अपनाउनु पर्ने देखिन्छ ।

सचेत र सचेतनाको आधारलाई सुरक्षित राख्न स्वास्थ्य संस्था खासगरी ग्रामिण स्तरका स्वास्थ्य चौकी तथा उपचौकीहरुमा नियमित रुपमा प्राविधिक तथा चिकित्सकहरुको उपस्थिति रही जुनसुकै अवस्थामा तम्तयार भई सक्रियताको साथ अगाडि बढ्नु पर्ने अवस्थालाई सिर्जना गर्नु प्रमुख दायित्व स्थानीय सरकारको रहेकोले अहिले स्थानी सरकारहरु अन्य विकाशीय कार्यहरुमा ध्यानलाई केन्द्रिकृत नगरी स्वास्थ्य क्षेत्रलाई बढि प्राथमिकताको साथ स्वास्थ्य चौकी तथा उपस्वाथ्य चौकीहरुमा विशेष प्राविधिकहरुको उपस्थितिहरुलाई कायम गरी अन्य स्वास्थ्य जाँच उपकरणाहरुको व्यस्था मिलाई स्वास्थ्य चौकीहरुमा पठाउनु पर्ने अवस्था देखिन्छ ।

त्यस्तै जिल्लामा रहेका जिल्ला अस्पतालहरुलाई यस भाइरसबाट बच्नको लागि स्वस्थ्य प्राविधिक टोलीहरु लगायत चिकित्सकहरुलाई पूर्ति गर्न अन्य विकाशीय बजेटहरुलाई कटौती गरी स्वास्थ्य क्षेत्रमा लगाउनुपर्ने स्थानीय सरकारहरुको जानुपर्ने देखिन्छ । तथा कोरोना भाइरसको त्रासबाट उत्पन्न भएका समाजमा अवैधानिक गतिविधिहरुलाई स्थानीय, प्रशासन, अनुगमण निरिक्षण गर्ने सम्बन्धित निकायहरु सक्रियताको पाइलाहरु अगाडि बढाउनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ । हामी सरसफाई सावधानी अपनाए भने यस्ता भाइरसहरुबाट सुरक्षित हुने वातावरणको सिर्जना हामी आफैले गर्ने सक्छौ । तर त्रासमा, हतारमा कुनै प्रकारका गतिविधिहरु संचालन गरी वस्तु भाउहरुको खाँचोको अवस्था सिर्जना गर्नु कदापि कसैको हितमा देखिदैन ।

# रेलमा पर्ने जग्गावालाको रुवावासी, पाँच वर्षदेखि मुआब्जाको पर्खाइमा

महोत्तरी, २ चैत (रासस) ।

बर्दिवास-जयनगर रेल सेवा विस्तारको परियोजनामा जग्गाको मुआब्जा नतोकिएको जग्गाधनीले मन्त्रीसँग रुवावासी गर्दै गुनासो गरेका छन् । प्रस्तावित रेल सेवा विस्तारको स्थलगत अवलोकनमा महोत्तरीको बर्दिवास आइपुग्नुभएका सङ्घीय सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङसँग जग्गाधनीले पाँच वर्षदेखि आफ्नो जग्गा रोक्का राखिए पनि मुआब्जा भने नतोकिएको गुनासो गरेका हुन् ।

"मन्त्रीज्यू, हामीले आफ्नो घरजग्गा सम्पत्ति पनि भन्न पाएनौं, मुआब्जा पनि पाएनौं", बर्दिवासमा मन्त्री नेम्वाङसँगको भेटमा प्रस्तावित रेल विस्तारमा जग्गा परेका बर्दिवास-१४ का खड्गबहादुर सिंहले भन्नुभयो, "रेल विभागले हाम्रो जग्गा भने रोक्का गरेको पाँच वर्ष भइसक्यो, तर मुआब्जा तोक्ने र वितरण गर्ने चालचुल भने केही देखिँदैन ।" जग्गाधनीले प्रचलित दरअनुसारको मुआब्जा चाँडै तोकेर वितरण गरिदिन मन्त्रीलाई आग्रह गरेका छन् ।

"हजुर, आफ्नै घरमा राम्ररी सुत्न, बस्न सकेका छैनौं, बसिरहेको घर जग्गा रेल विभागले रोक्का गरेको छ", सिंहकै छिमेकी गोपी पोखरेलले भन्नुभयो, "दिनदिनै जग्गाको मूल्य आकाशिँदै छ, रेल विभागले भने मुआब्जा दिने सुरसार नै देखाएन, अब ओत लाग्ने ठाउँ कहाँ खोज्नु मन्त्रीज्यू ?" मन्त्रीसँग भेटेका उनीहरूले एक स्वरमा यथाशिघ्र मुआब्जा प्रकरण टुङ्ग्याइदिन आग्रह गरेका छन् ।

रेल सेवा विस्तारका लागि प्रस्तावित जग्गाको मुआब्जा अब चाँडै टुङ्ग्याएर काम अघि बढ्ने मन्त्री नेम्वाङले जग्गाधनीलाई आश्वस्थ गराउनुभएको छ । "अब केही दिनभित्रै मुआब्जा तोक्ने र वितरण गर्ने काम थालिन्छ", उहाँले भन्नुभयो, "मुआब्जा निर्धारण गर्न गठित उपसमितिले जग्गा मुल्याङ्कनको सिफारिश जिल्लास्थित मुआब्जा मूल्याङ्कन समितिलाई बुझाइसकेको छ, अब समितिले दिने प्रतिवेदनका आधारमा मुआब्जा तोकेर वितरणको काम तत्काल थालिने छ ।" रेल सेवा विस्तारको पक्ष राष्ट्रको समृद्धिसँग जोडिएको पक्ष हुनाले यति रकम पाउनुपर्छ भन्ने अडान भने नलिन जग्गाधनीसँग मन्त्रीको आग्रह थियो ।

भारत सरकारको आर्थिक र प्राविधिक सहयोगमा सन् २०१४ मा शुरु भएको रेल स्तरोन्नति र सेवा विस्तारको काम सन् २०२० भित्र जयनगरदेखि बर्दिवाससम्म नै सञ्चालनमा ल्याइसकिने रेल विभागले बताउँदै आएको थियो । जसमध्ये पहिलो खण्ड (जयनगरदेखि कुर्थासम्म) मा २०१८ भित्रै, दोस्रो खण्ड (कुर्थादेखि महोत्तरीको भङ्गाहास्थित बिजलपुरा स्टेशनसम्म) मा सन् २०१९ को मार्चभित्र र तेस्रो खण्ड (भङ्गाहादेखि बर्दिवाससम्म) सन् २०२० भित्र रेल सञ्चालनमा आइसक्ने तालिका थियो । तर, त्यो तालिकाअनुसार काम नबढेपछि यस भेगका सर्वसाधारणमा अन्योलसँगै निराशा बढेको छ ।

बर्दिवास-जयनगरसम्मको ६९ किलोमिटर दूरीको रेल सेवा विस्तार र स्तरोन्नतिको परियोजनामा

बाँकी तीन पृष्ठमा

# सरकारको प्रष्टोक्ति : कोरोनाको कुनै सङ्क्रमण छैन, अत्यावश्यक तयारी छ

काठमाडौं, २ चैत (रासस)।

सरकारले कोरोना भाइरस डिजिज (कोभिड-१९) बाट नेपालमा हालसम्म कुनै सङ्क्रमण नभएको स्पष्ट पारेको छ। चीनबाट फैलिएको कोरोनाको सङ्क्रमण विश्वका १५२ देशमा फैलिएको र हालसम्म पाँच हजार ८४९ को मृत्यु भइसकेको तथ्याङ्क सार्वजनिक भए पनि नेपालमा ४६४ जनामा परीक्षण गर्दा हालसम्म सङ्क्रमित फेला नपरेको स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकालले जानकारी दिनुभयो।

राष्ट्रियसभाको आइतबारको बैठकमा सार्वजनिक महत्वको विषयमा वक्तव्य दिँदै स्वास्थ्यमन्त्री ढकालले कोरोनाको सम्भावित जोखिम नियन्त्रणका लागि विशेष सतर्कता अपनाइएको बताउनुभयो। सङ्घीय सरकारले प्रदेश तथा स्थानीय तहको सरकारसँग प्रभावकारी समन्वय सक्रमण फैलन नदिने विशेष सतर्कता अपनाएको जानकारी दिनुभयो। प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला प्रत्यारोपण हुनुभन्दा अघि गत फागुन १८ गते बसेको मन्त्रिपरिषद् बैठकले उपप्रधानमन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा आठ मन्त्री सम्मिलित अधिकारसम्पन्न समिति गठन गरेको छ। उहाँले उक्त समितिको एक दिन बिराएर बैठक बसी कोरोनाको सङ्क्रमण रोक्न सम्भावित जोखिम न्यूनीकरणका लागि विशेष सतर्कतासाथ काम अघि बढाइएको सदनलाई जानकारी दिनुभयो।

आइतबारै मात्र सातै प्रदेशका मुख्यमन्त्री तथा सामाजिक विकास मन्त्रीसहितको बैठकको आयोजना गरेर केन्द्रदेखि स्थानीयतहसम्म समन्वय गरी एकीकृत स्वास्थ्य सुरक्षा सतर्कता अपनाइने जानकारी उहाँले दिनुभयो। सरकारले कोरोनाको सम्भावित जोखिमलाई ध्यानमा राखी कूटनीतिकबाहेकका सबै प्रवेशाज्ञा आगामी वैशाख १८ गतेसम्मका लागि स्थगन गरेको जानकारी दिँदै स्वास्थ्यमन्त्रीले छोटो समयका लागि विदेश अध्ययनमा जाने विद्यार्थी र विदेशमा काम गर्न जाने श्रमिकको श्रम स्वीकृति पनि बन्द गरिएको बताउनुभयो।

**अस्पतालको तयारी**

काठमाडौंमा करीब १७० सघन कक्ष शय्या रहेकाले काठमाडौं उपत्यकामा १२० र उपत्यका बाहिर ११५ गरी २३५ शय्या थप गर्ने सरकारी तयारी छ। सरकारले यसअघि नै विभिन्न सरकारी अस्पतालमा गरी ११५ आइसोलेसन बेड स्थापना गरिसकेको जानकारी दिँदै स्वास्थ्यमन्त्री ढकालले थप जोखिमलाई ध्यानमा राखी औषधिमूलो र औजारसमेत जोहो गर्न लागिसकिएको बताउनुभयो।

कोरोनाको सङ्क्रमण नेपालमा भित्रन नदिन उच्च सावधानी अपनाइएको जानकारी दिँदै मन्त्री ढकालले छिमेकी भारतमा समेत यो रोगको सङ्क्रमण देखिएकाले सीमा नाकामा थप सतर्कता अपनाइएको स्पष्ट पार्नुभयो। मन्त्री ढकालले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डानुप होम क्वारेन्टाइनको व्यवस्था गर्न नागरिकलाई आग्रह गरिएको तथा कोरोनाको हल्लाले बजारमा दैनिक उपभोग्य वस्तुमा हुने अभाव र कालोबजारी नियन्त्रणका लागि आवश्यक सजगताका साथ काम गरिएको जानकारी दिनुभयो।

चीनपछि अमेरिका र युरोपमा फैलिएको सो भाइरसबाट भारतमा पनि सङ्क्रमितको सङ्ख्या बढ्दै गएकाले विशेष सावधानी अपनाउनुपर्नेमा सरकारले जोड दिएको जानकारी उहाँले दिनुभयो। नेपालसँग सीमा जोडिएका भारतका प्रदेशमा समेत कोरोना सङ्क्रमण देखिएकाले सरकारले नेपाल भारत सीमा क्षेत्रलाई थप व्यवस्थित बनाई परीक्षणसमेत शुरु गरेको बताउनुभयो। नेपालका दुई छिमेकी देश जोड्ने साना ठूला गरी कूल १२९ नाकामध्ये ४३ नाकामा स्वास्थ्यविन्दु स्थापना गरी परीक्षण शुरु गरिएको छ।

**१२८ स्थानीय तहलाई परिपत्र**

विशेष गरी भारत हुँदै तेस्रो देशबाट नेपाल भित्रने विदेशी नागरिकको परीक्षणमा विशेष ध्यान दिइएको र सीमा क्षेत्रका नागरिक आवागनमा समेत परीक्षण गरेर मात्रै जाने गरी व्यवस्थापन गरिएको छ। अन्तरराष्ट्रिय सीमा जोडिएका कूल १२८ स्थानीय तहलाई २१ बुँदे विशेष परिपत्र गरिएको मन्त्री ढकालले जानकारी दिनुभयो। उहाँले भन्नुभयो,"सरकारले प्रमुख जिल्ला अधिकारी र स्वास्थ्यकर्मीलाई जिल्ला नछाड्न निर्देशन दिएको छ। अस्पतालमा काम गर्ने जोखिमपूर्ण काम गर्ने जनशक्तिलाई भय र आतङ्कबाट जोगिने गरी काम गर्ने व्यवस्थापन गरिएको छ।"

कूटनीतिकबाहेक अन्य प्रवेशाज्ञा रोकिएको छ। देशभित्र अध्ययनरत ५६ लाख विद्यार्थीमध्ये ५० लाख विद्यार्थीको परीक्षा यही चैत ५ गतेभित्र सक्ने गरी व्यवस्था मिलाइएको छ। यस्तै एसइई परीक्षाका लागि समेत सरकारले अवस्थाको मूल्याङ्कन गरेर आवश्यक निर्णय गर्ने उहाँले जानकारी दिनुभयो। चीनबाट नेपाली विद्यार्थी ल्याउने सन्दर्भमा सरकारले क्वारेन्टाइनको व्यवस्थापन गरेको र त्यसबाट सरकारले राम्रो व्यवस्थापन गरेको आमरुपमा स्थापित भएको जानकारी दिँदै सरकारले केही गर्दैन कि भन्ने विषयमा मन्त्री ढकालले भन्नुभयो, "राज्य अभिभावक हो, कोही बिरामी भए भने उपचारको व्यवस्था गर्छ, त्यसमा चिन्ता नलिनुस्।"

उहाँले सरकारले दैनिक उपभोग्य वस्तुको आपूर्ति सहज बनाउनका लागि हुनेसम्मका सबै पहल गरिएको जानकारी दिनुभयो। अत्यावश्यक औषधि तथा उपकरणको व्यवस्थापनका लागि विशेष प्रयत्न गरिएको उल्लेख गर्दै स्वास्थ्यमन्त्री ढकालले कुनै पनि अभाव हुन नदिइने स्पष्ट पार्नुभयो। बैठकमा स्वास्थ्यमन्त्रीको वक्तव्यमाथि सांसद रामनारायण बिडारी, प्रकाश पन्थ, कोमल वली, अनिता देवकोटा, विमला पौडेललगायतले कोरोनाको सङ्क्रमण नियन्त्रणका लागि सरकारी निकायबीच समन्वय, सेल्फ क्वारेन्टाइन र कालोबजारी नियन्त्रणबारे सरकारको तयारीबारे जिज्ञासा राख्नुभएको थियो।

**अन्तर्राष्ट्रिय अवस्था**

सन् २०१९ डिसेम्बरदेखि चीनको वुहानबाट फैलिएको कोरोनाका कारण ४६ देशका नागरिकको मृत्यु भएको छ। यसबाट विश्वका १५२ देशका कूल एक लाख ५६ हजार व्यक्ति प्रभावित भएका छन्। हालसम्म पाँच हजार ८३९ जनाको निधन भएको छ। सङ्क्रमितमध्ये ७५ हजार ९३७ उपचारपछि घर फिर्ता भएका छन्। विश्वका ७४ हजार ९९० जना कोरोनाको सङ्क्रमणमा छन्।

बिरामीमध्ये ९२ प्रतिशत सामान्य रहे पनि आठ प्रतिशत जोखिममा छन्। मृत्युको हिसाबले ८० वर्षभन्दा माथिका व्यक्तिमध्ये १४.८ प्रतिशत छ। अन्तरराष्ट्रियस्तरमा क्यानडाली प्रधानमन्त्रीकी श्रीमती, अष्ट्रेलियाली गृहमन्त्री, बेलायती स्वास्थ्यमन्त्री तथा इरानी उपराष्ट्रपति र स्वास्थ्य राज्यमन्त्री सङ्क्रमित हुनुभएको छ। यस्तै इरानका एक ५५ वर्षीय सांसदको निधन भएको छ। यसैगरी चीन भ्रमणपछि मङ्गोलियाका राष्ट्रपति १४ दिने क्वारेन्टाइनमा रहनुभएको छ।

## *रेलमा पर्ने ...*

बर्दिवास नगरपालिकाको ५३ बिघा र बर्दिवाससँगै सीमा जोडिएको धनुषाको मिथिला नगरपालिकाको वडा नं ९ र १० (साविक बेङ्गाडावर गाविस) को २६ बिघा जग्गाको अझै मुआब्जा नतोकिँदा रेलका काम अघि बढ्न सकेका छैनन्। पछिल्लोपटक केही महिनाअघि भङ्गाहाको बिजलपुरादेखि जयनगरसम्मको प्रस्तावित तेस्रो खण्डमै पर्ने भङ्गाहा नगरपालिका-४ (विगतमा भङ्गाहा गाविस-४) र बर्दिवास ६ र ७ ( साविक किसाननगर गाविस) को मुआब्जा तोकिए पनि हालसम्म जग्गाधनीले मुआब्जा भने बुझेका छैनन्। यद्यपि कुर्थादेखि भङ्गाहाको बिजलपुरासम्मको दोस्रो खण्डमा भने यसअघि नै मुआब्जा प्रकरण टुङ्गिएको हुँदा रेलको लिक ओछ्याउने काम भइरहेको छ।

बर्दिवास-जयनगर रेल सेवा र पूर्वपश्चिम रेल सेवाका कामको स्थलगत निरीक्षण अनुगमनमा आउनुभएका मन्त्री नेम्वाङले अब तेस्रो खण्डमा मुआब्जा निर्धारण, वितरण, दोस्रो खण्डमा निर्माण र पहिलो खण्डमा रेल चलाउने तयारीका काम अघि बढ्ने बताउनुभयो। यसबीचमा रेल खरिद र सञ्चालन प्रक्रिया टुङ्गिएर आवश्यक जनशक्ति पूर्ति गर्ने प्रक्रिया अघि बढेपछि यसपालि चाहिँ चालू आर्थिक वर्षभित्रै पहिलो खण्ड (कुर्थादेखि जयनगर) मा रेल चल्ने मन्त्री नेम्वाङको भनाइ छ।

यसैबीच मुआब्जा तोकिने कुरा अल्झेको बर्दिवास-१४ को ५२ बिघा जग्गाको मुआब्जा केही साताभित्रै टुङ्गिने मुआब्जा मूल्याङ्कन समिति महोत्तरीका अध्यक्ष तथा महोत्तरीका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले बताउनुभयो। त्यस्तै धनुषातर्फ मिथिला नगरपालिकाको मुआब्जा पनि चाँडै टुङ्गिने जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ। भारतको जयनगरदेखि महोत्तरीको बर्दिवाससम्मको ६९ किलोमिटरमध्ये महोत्तरीतर्फ ३१, धनुषामा ३६ र भारततर्फ करिब दुई किलोमिटर पर्छ। पहिलो खण्डको लिक निर्माणको काम सम्पन्न भएसँगै अब दोस्रो खण्डमा लिक ओछ्याउनेसहितका निर्माण काम भइरहेका छन्। अब तेस्रो खण्डमा महोत्तरीतर्फ १६ र धनुषातर्फ (मिथिला नपा) दुई किलोमिटरमा मुआब्जा प्रकरण टुङ्गिएसँगै काम अघि बढ्ने रेल विभागले जनाएको छ।

"अब मुआब्जा निर्धारण र वितरणको बाँकी काम चाँडै टुङ्गिन्छ", मन्त्री नेम्वाङसँगै अनुगमन टोलीमा रहनुभएका रेल विभागका महानिर्देशक बलराम मिश्रले भन्नुभयो, "पहिले निर्धारित तालिकामा काम हुन नसकेकै हो, अब व्यवधान टुङ्गिने क्रममा छन्, सबै कामले गति लिने छ।"

यता तेस्रो खण्डमा मुआब्जा तोकिन बाँकी रहेको र पहिलो खण्डमा चाँडै रेल चल्ने चर्चाबीच नै पहिलो खण्डभित्रैका रेल भवन चर्कँदै गएका छन्। पछिल्लोपटक जनकपुरधामको रेल भवन चर्किन थालेका हुन्। भवन निर्माण गर्ने भारतीय कम्पनी इर्कोन इन्टरनेशनलले निर्माण गरेको जनकपुरधामस्थित स्टेशन भवन प्रयोगमा आउनुपूर्व नै चर्किन थालेको हो। भवन निर्माणमा कमसल सामग्रीको प्रयोग भएको हुँदा भवन चर्केको भवन वरपरका सर्वसाधारण बताउँछन्। यससम्बन्धी गुनासो निर्माण कम्पनीलाई बुझाइएको तथा यसमा सुधार र मर्मतका काम तत्काल गरिनुपर्ने रेल विभागले जनाएको छ।

भवन चर्कनु र स्टेशन भवनबाटै एकपछि अर्को सामान हराउँदै जानुमा हाम्रो (नेपाल सरकार, रेल विभाग) राम्रो अनुगमन र सुरक्षा प्रबन्ध हुन नसकेको सर्वसाधारणको टिप्पणी छ। तयार भइसकेको पहिलो खण्डमा तत्काल रेल सञ्चालन गर्न, दोस्रो खण्डको बाँकी काम सम्पन्न गर्न र तेस्रो खण्डको मुआब्जा विवाद चाँडै टुङ्ग्याएर निर्माण काम थालिए जनतामा काम हुँदैछ भन्ने सकारात्मक सन्देश प्रवाह हुने महोत्तरी-१ 'क' बाट प्रदेशसभा सदस्य बर्दिवास-१ की बासिन्दा शारदादेवी थापा बताउनुहुन्छ।

भारत सरकारको रु सात अर्ब २० करोडको आर्थिक सहयोगमा ब्रोडगेज रेल्वे विस्तारको काम सन् २०१४ मा शुरु गरिएको थियो। बि.सं१९९४ मा शुरु भएको बिजलपुरा (भङ्गाहा महोत्तरी)-जनकपुर ( धनुषा)-जयनगर (भारत) ५१ किमी रेलमार्ग विसं २०५८ मा बाढीले बिग्हीपुल (लोहारपट्टी, महोत्तरी) भत्काएपछि रेल सेवा जनकपुर-जयनगर २९ किमीमा सीमित भएको थियो। यो रेलमार्गमा पनि स्तरोन्नतिको काम शुरु गरिएसँगै रेल विभागले विसं २०७० मै रेल सेवा बन्द गराएपछि पछिल्लो छ वर्षयता यो रेल सेवा पूर्णरूपमा बन्द रहँदै आएको छ।

## विश्व समाचार

### इटालीमा कोरोना भाइरसका कारण मृत्यु हुनेको संख्या १ हजार ४ सय ४१ पुग्यो

रोम, २ चैत (रासस/सिन्ह्वा)।

विश्व स्वास्थ्य सङ्गठनले महामारी रोगको सङ्ज्ञा दिएको कोरोना भाइरसको सङ्क्रमणबाट इटालीमा मृत्यु हुनेको सङ्ख्या शनिबारसम्म एक हजार ४४१ पुगेको छ। स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार सङ्क्रमितको सङ्ख्या शनिबारसम्म १७ हजार ७५० पुगेको छ। कोरोनाको सङ्क्रमणबाट चीनपछि सबैभन्दा धेरै इटालीमै मृत्यु भएको हो।

त्यसैगरी बेलायतमा पनि बिरामीको सङ्ख्या एक हजार १४० पुगेको छ। बेलायतमा कोरोनाका कारण मृत्यु हुनेको सङ्ख्या भने २१ पुगेको अधिकारीले जनाएका छन्। पछिल्लो पटक मृत्यु भएका दश जनामध्ये सबै ६० वर्षभन्दा बढी उमेरका रहेको बेलायती स्वास्थ्य तथा सामाजिक हेरचाह विभागले जनाएको छ।

चीनमा तीन हजार १९९ जनाको मृत्यु भएको छ भने ८० हजार ८४४ जना सङ्क्रमित भएका छन्। चीनमा कोरोनाको सङ्क्रमणमा नाटकीयरुपमा सुधार आएसँगै शहर बजारको आवतजावत खुकुलो पारिएको र उद्योग, कलकारखाना खुल्न थालेका छन्। तेस्रो धेरै प्रभावित हुनेमा इरान परेको छ। इरानमा १२ हजार ७२९ जना सङ्क्रमितमध्ये ६११ जनाको मृत्यु भएको छ। त्यसैगरी दक्षिण कोरियामा आठ हजार १६२ जना बिरामी र ७५ जनाको मृत्यु भएको छ भने स्पेनमा छ हजार ३९१ जना बिरामी भएका छन् भने १९६ जनाको मृत्यु भएको छ।

### कोरोना प्रभाव : इटाली, इरानबाट भारतीयको उद्धार

नयाँदिल्ली, २ चैत (रासस/सिन्ह्वा)।

भारतीय अधिकारीले कोरोनाभाइरसको सङ्क्रमणका कारण इटाली र इरानमा अलपत्र परेका भारतीयको उद्धार गरिएको बताएका छन्। कोविड-१९ फैलिएसँगै सबै उडान रद्द भएपछि इटालीमा अलपत्र परेका २२० जना यात्रुलाई भारतको एयर इन्डिया विमानबाट नयाँदिल्ली ल्याइएको छ। उनीहरु आइतबार बिहान नयाँदिल्ली आइपुगेका हुन्।

भारतीय कनिष्ठ विदेश मन्त्री भी मुरलीधरनले ट्वीट गर्दै इटालीको मिलानबाट २११ जना भारतीय विद्यार्थीसमेत २१८ जनालाई उद्धार गरिएको जानकारी दिनुभएको छ। विश्वभर अलपत्र परेका जोकोही भारतीयलाई उद्धार गर्न भारत सरकार तत्पर रहेको पनि उहाँले बताउनु भएको छ। विश्व स्वास्थ्य संगठनले कोविड-१९ लाई विश्वव्यापी महामारीको सङ्ज्ञा दिएसँगै भारतले आफ्ना नागरिकको उद्धार गरेको हो।

इरानमा अलपत्र परेका २३४ जना भारतीय पनि नयाँदिल्ली आइपुगेका छन्। दुइवटा एयर इन्डिया डानबाट ती सबै यात्रुलाई राजस्थानस्थित जैसल्मेरमा भारतीय सेनाद्वारा निर्मित क्वारेन्टाइन केन्द्रमा राखिने छ। यसैबीच, कोविड-१९ बाट भारतमा सङ्क्रमितको सङ्ख्या ९३ पुगेको भारतीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

भारतमा हालसम्म कोरोनाकै कारण दुई व्यक्तिको मृत्यु भइसकेको छ। तीमध्ये साउदी अरेबियाको भ्रमण गरेका एक जना कर्नाटक राज्यका ७६ वर्षीय पुरुष तथा स्वीट्जरल्यान्ड र इटाली भ्रमण गरेकी पश्चिम दिल्लीकी ६८ वर्षीया एक महिला रहेकी छिन्। कोरोना सङ्क्रमण रोक्न भारत सरकारले विभिन्न उपाय अवलम्बन गरेको छ। धेरैजसो राज्यमा शैक्षिक संस्था र सिनेमा घर मार्च ३१ सम्म बन्द गरिएका छन्। अधिकांश खेल कार्यक्रम पनि रद्द गरिएका छन्। मानिसलाई अनावश्यक विदेश भ्रमण नगर्न र ठूलो समूहमा भेला नहुन सरकारले अनुरोध गरेको छ।

### एप्पलका स्टोर चीनबाहेक अन्य मुलुकमा बन्द

वासिङ्टन, २ चैत (रासस/एएनआई)।

कोरोनाभाइरसको सङ्क्रमणबाट विश्वभर झण्डै छ हजार व्यक्तिको मृत्यु भएसँगै अमेरिकी बहुराष्ट्रिय कम्पनी एप्पल कम्पनीले चीनबाहेक अन्य मुलुकमा रहेका आफ्ना स्टोर (बिक्री केन्द्र) आगामी मार्च २७ सम्म बन्द गरेको छ। एप्पलका प्रमुख कार्यकारी टिम कूकले ट्वीट गर्दै चीन बाहेक एप्पलका स्टोर मार्च २७ सम्म बन्द गरिएको र कोरोनाको सङ्क्रमण रोकथाममा सघाउन एक करोड ५० लाख अमेरिकी डलर सहयोग गर्ने घोषणा गरिएको बताउनु भएको छ।

कम्पनीले चीन बाहेकका अन्य मुलुकमा रहेका आफ्ना कार्यालयका कर्मचारीलाई खुकुलो कार्यस्थलको व्यवस्था गरिएको जनाएको छ। कूकले अनलाइन स्टोर भने खुलै रहने बताउनु भएको छ। कम्पनीले घरबाटै काम गर्न सक्ने भएमा त्यसै बमोजिमको व्यवस्था गर्ने तथा कार्यालयमै आएर काम गर्नु पर्ने कर्मचारीका लागि निर्देशिका बमोजिम आवश्यक सजकता अपनाइने बताएको छ। सिन्ह्वाका अनुसार चीनमा कोरोना सङ्क्रमणमा नाटकीयरुपमा सुधार आएका कारण एप्पलका सबै स्टोर खुला गरिएको छ। अमेरिकामा रहेका ठूला बहुराष्ट्रिय कम्पनीले पनि आफ्ना कार्यालयको व्यवस्थापनमा नयाँ व्यवस्था गरेका छन्।

# समस्या समाधानका साटो उपेक्षा गर्‍यो : द्वन्दपीडित




**दैनिक समाचारदाता**
**राजविराज, २ चैत ।**

सप्तरीका द्वन्दपीडितहरुले राज्यले अहिलेसम्म समस्या समाधानका साटो उपेक्षा गरेको गुनासो गरेका छन् ।

युरोपियन युनियन तथा स्टोरी किचेनको साझेदारीमा आइतबार राजविराजमा युवा आवाजका साथी नामक संस्थाले आयोजना गरेको सशस्त्र द्वन्दकालिन महिला हिंसा र न्यायको सवाल विषयक परामर्श बैठकमा सहभागि द्वन्दपीडित परिवार तथा सरोकारवालाहरुले सो गुनासो पोखेका हुन् ।

सशस्त्र द्वन्दका बेला भएका जघन्य घट्ना र पीडितहरुको अहिलेको अवस्था बुझी उनीहरुलाई सहयोग जुटाउन, राज्यको ध्यानाकर्षण गराउन र विभिन्न सीप सिकाएर आत्मनिर्भर बनाउने उद्देश्यले संस्थाले सो कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा द्वन्द पीडित अरुण साहले राज्यले शहिदहरुको वर्गिकरण गरेर सेवा सुविधा दिनु विभेद र अपमान भएको बताए । उनले राज्यले सशस्त्र द्वन्दका बेला ज्यान गुमाएका र घाईते भएकालाई खासै सेवा सुविधा उपलब्ध गराउन नसकेको भन्दै पुरानो कुरा कोट्याएर मन नदुखाउन कार्यक्रम आयोजकलाई आग्रह पनि गरे ।

त्यस्तै शहिद पत्नि कविता ठाकुरले पनि घरका अविभावक गुमाउदा परिवारकै विचल्ली भएको तथा राज्य पक्षबाट सोधखोज गर्न छाडिएको सुनाईन । शहिद परिवारका राजेश कुमार रामले शहिद कै बलमा सत्तामा पुगेकाहरु अहिले सत्तामोहमा फसेर शहिदलाई विर्सेको आरोप लगाए ।

कार्यक्रममा नागरिक संजाल सप्तरीका अध्यक्ष सुखराम यादव, अधिकारर्मी जंग बहादुर सिह, कानुन व्यवसायी डोमन साह, एकल महिला संघकी अध्यक्ष अनिता देवकोटा लगायतले पनि बोल्दै द्वन्द पिडीत परिवारको अवस्था र उनीहरुका लागी राज्यले गरिदिनु पर्ने कामबारे आ-आफनो सुझाव दिएका थिए ।

आयोजक संस्थाकी अध्यक्ष यमुना खनालले कार्यक्रममा प्राप्त सुझावलाई सम्बन्धित निकाय समक्ष पुर्‍याउनुका साथै द्वन्द पीडित परिवारको जिवनस्तरमा सुधार ल्याउन विभिन्न सीप र आयमुलक कार्यक्रम संचालनमा ल्याइ सहयोग गर्ने प्रतिबद्धता जनाईन ।

---

### *१५ दिन भित्र ...*

माग उपर सुनवाई नभए सुनसरीको चतरादेखी भारतको कुनौली बोर्डरसम्म कोशी योजना अन्तर्गत हुने सबै निर्माण कार्यलाई अवरोध गरी ठप्प पार्ने चेतावनी समेत दिइएको छ ।

कोशी ब्यारेज निर्माणका क्रममा अधिग्रहण गरिएको जग्गा, बालिनालीको क्षतीको मुआब्जा, दुबै तटबन्ध विच जग्गाको सुरक्षा र २०११ सालमा भएको नेपाल-भारत कोशी सम्झौता कार्यान्वयनको माग गर्दै पटक पटक आन्दोलन थाल्दै आएको हजारौ कोशी पिडीतहरु दशकौं देखी मुआब्जा माग्दै संघर्षरत छन् ।

ज्ञापन पत्रमा कोशी सम्झौता कार्यान्वयन गर्न गराउन, बालिको क्षतीपुर्ती भारत सरकारसंग उपलब्ध गराउन ठोस पहल गर्न तथा १ सय ९९ सय वर्ष लिजमा रहेको नेपाली किसानको जग्गा सुरक्षाको सुनिश्तिता कायम गराउन लगायतको तीन बुंदे माग अघि सारिएको छ ।

ज्ञापन पत्र उपर सुनवाई नगरिए १६ औं दिन पत्रकार सम्मेलनको आयोजना गरी आन्दोलनका थप कार्यक्रमहरु समेत सार्वजनिक गर्ने संयोजक चौधरीले बताए ।

वर्षौं देखी मुआब्जा र क्षतीपुर्तीको आशमा बसेका सुनसरी, उदयपुर र सप्तरीका गरी तीन वटै जिल्लाका कोशी पीडितहरुले संर्घष समिती गठन गरी गत साउन ३२ गते देखी कोशी ब्यारेज किनारमा अनिश्चितकालिन रिले अनशन शूरु गरेका थिए । तर चाडपर्व नजिकीएको भन्दै तीन महिना पछि असोज ८ गते आन्दोलन स्थगन गरेका कोशी पीडितहरु फेरी तातिएका हुन् ।

---

## राजविराज नगरपालिका वडा नं. २ बाट जारिएको भएको सूचना

जिल्ला सप्तरी रा.बि.न.पा. साविक वार्ड नं. ९ हाल २ बस्ने **स्व. जयकान्त लाल दासको श्रीमती स्व. शुशिला देवीको** नाउँमा कायम रहेको जग्गा छोरा **हरिमोहन लाल कर्ण** समेत ३ (तीन) ले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति **२०७६/११/३०** मा द.न. **४७६** को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाणसहित यस नगरपालिका कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**


जि.स.रा.वि.न.पा. वडा.न. ९ हाल २ बस्ने स्व. शुशिला देवीको नाउमा कायम जग्गाहरु

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ९ मौजे झल्ही | २९९ | ०-२-८१/२ |
| सप्तरी | " | " | ३४४ | ०-०-७ |
| सप्तरी | " | " | २८९ | ०-१-२ |













**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*